# हाउजिङ्ग बेनेफिट बारे जानकारी

*Housing Benefit Information in Nepali*
*2020/2021*

**यदि तपाईंले घर भाडा तिर्नु हुन्छ भने तपाईंले हाउजिङ्ग बेनेफिट अथवा घर-भाडा भत्ता लिन सक्नु हुन्छ।**

**तपाईंले हाउजिङ्ग बेनेफिट कस्तो खण्डमा पाउन सक्नु हुन्छ?**

- यदि तपाईं पेन्सन क्रेडिट पाउने उमेर पुग्नु भएको छ भने (श्रीमान श्रीमती हुनु हुन्छ भने दुवै जना पेन्सन क्रेडिट पाउने उमेर पुगेको हुनु पर्दछ अन्यथा हाउजिङ्ग बेनेफिट्को साटो युनिभर्सल क्रेडिट लिनु पदर्छ।)
- यदि तपाईं बेघर हुनुहुन्छ वा काउन्सिलले राखेको अस्थायी निवासमा हुनुहुन्छ भने
- तपाईंको इन्कम सपोर्ट, इन्कम सम्बन्धित जब सीकर्स अलावेंस, इन्कम सम्बन्धित इम्प्लोयमेन्ट सपोर्ट अलावेंस जसमा सिविएर डीसबिलिटी प्रीमियम पाउदै हुनुहुन्छ भने
- यदि तपाईंले एउटा कोठा, फ्ल्याट या घरको लागि भाडा तिर्नु हुन्छ भने
- पेन्सन क्रेडिट पाउने उमेर पुग्नु भएको छ भने तपाईको बचत £१६,००० भन्दा कम छ भने र काम गर्ने उमेर को हुनुहुन्छ भेन £६००० भन्दा कम छ भने

**तपाईंले कति पाउन सक्नु हुन्छ भन्ने निम्न कुराहरुमा निर्भर हुन्छ:**

- तपाईंको आम्दानि
- तपाईं को संग बस्नु हुन्छ
- अरु कुन भत्ताहरु लिदै हुनुहुन्छ
- तपाईंको बचतहरु

हाउजिङ्ग बेनेफिट फर्म भर्नको लागि निम्न कुराहरु ल्याउनु होला:

- टेनेन्सि एग्रीमेंट
- पासपोर्ट
- एन आइ नम्बर
- बैंक खाता
- पेन्सनको विवरण (नेपाल र यु के दुबैको)
- वचत खाता र सम्पतिको विवरण (नेपाल र यु के दुबैको)
- अरु कुनै आम्दानी भए सो को विवरण
- काम गर्नु हुन्छ भने गएको २ महिनाको पेस्लिप/आम्दानीको विवरण
- गएको २ महिनाको बैंक स्टेटमेन्ट

**एन आइ नम्बर र बैंक खाता छैन भने पनि आउनु होला, पछि आए पछि ल्याई दिनु भए पनि हुन्छ ।**

# लोकल हाउजिङ्ग अलावेंस रेट्स २०२०/२१

| Number of Bedrooms<br>(कति ओटा सुत्ने कोठा) | Weekly amount<br>(हफ्ताको पौदर)<br>२०२०/२१<br>अप्रिल देखि | Monthly amount<br>(महिनाको पौदर)<br>२०२०/२१<br>अप्रिल देखि |
|---|---|---|
| Shared room rate<br>कोठा को रेट | £81.28<br>£८१.२८ | £352.21<br>£३५२.२१ |
| 1 Bedroom<br>१ सुत्ने कोठा | £147.95<br>£ १४७.९५ | £641.12<br>£६४१.१२ |
| 2 Bedrooms<br>२ सुत्ने कोठा | £179.56<br>£१७९.५६ | £778.09<br>£७७८.०९ |
| 3 Bedrooms<br>३ सुत्ने कोठा | £214.28<br>£२१४.२८ | £928.55<br>£९२८.५५ |
| 4 Bedrooms<br>४ सुत्ने कोठा | £317.30<br>£३१७.३० | £1374.97<br>£१३७४.९७ |

# <u>Change in Circumstances</u>

# <u>परिस्थितिमा बदलाव</u>

**तपाईंको परिस्थितिमा आएको सबै परिबर्तनको बारेमा हामीलाई तुरुन्त खबर गर्नु पर्दछ ।**

**<u>खबर गर्नुपर्ने परिबर्तनको उदाहरणहरु:</u>**

- तपाईंको इन्कम सपोर्ट, जब सीकर्स अलावेंस, इम्प्लोयमेन्ट सपोर्ट अलावेंस, पेन्सन क्रेडिट वा अरु कुनै पनि सरकारी भत्ता रोकिएमा वा पाउन थाल्नु भएमा।
- तपाईंले अटेंडेंस अलावेंस/ डिसअबिलीटि लिविंग अलावेंस (अपाङ्ग भत्ता)/पर्सनल इन्डीपेनडेंस पेमेन्ट वा अरु कुनै पनि भत्ता पाउन शुरु भएमा वा रोकिएमा
- तपाईंको ठेगाना बद्लिएमा (एउटै घरको अर्को कोठा वा फ्ल्याटमा सर्दा पनि ठेगाना सार्नुपर्ने हुन्छ)।
- तपाईंको वा तपाईंसंग बस्नुहुने अरु कसैको आम्दानी घटेमा या बढेमा।
- तपाईंले वा तपाईंसंग बस्नुहुने कसैले काम शुरुगर्नु भएमा, काम बदल्नु भएमा, काम छोड्नु भएमा।
- तपाईंले वा तपाईंसंग बस्नुहुने कसैले दोस्रो काम शुरु गर्नु भएमा।
- तपाईं वा तपाईंको श्रीमान/श्रीमती अथवा तपाईंको परिवारको कुनै सदस्य ४ हप्ता वा ४ हप्ता भन्दा बढीको लागि यु के बाहिर जाँदै हुनुहुन्छ भने जानु भन्दा अगाडी नै खबर गर्नुहोस।
- अरु कसैलाई कोठामा भाडामा राख्नु भएमा/ अरु कसैलाई सब्लेट गर्नु भएमा
- यदि तपाईं कामको लागि वा लामो छुट्टिको लागि घरदेखि बाहिर जानुहुन्छ भने खबर गर्नुहोस।

- यदि तपाईंको परिवारको कुनै सदस्य अस्पतालमा वा क़ैदख़ानामा गयो वा त्यहाबाट घर फर्कियो भने

- श्री ए ले हाउजिङ्ग बेनेफिट लिंदै हुनुहुन्छ। वहाँ हफ्तामा १६ घण्टाको लागि काम गर्नुहुन्छ। वहाँले हफ्ताको १५ घण्टाको लागि दोस्रो काम पाउनु भएको छ। वहाँले ज्यानवरीबाट यो काम शुरु गर्नु भयो र वहाँको आम्दानी बढ्छ भन्ने ज्ञान वहाँलाई छ। यसले वहाँको हाउजिङ्ग बेनेफिटमा असर पुर्याउंछ तर वहाँले हामीलाई काम शुरु गरेको  तिन महिना पछि मात्र खबर गर्नु भयो। यसले वहाँको हाउजिङ्ग बेनेफिट घटेर आउँछ, साथै वहाँको पाउंदर भन्दा बढी पाउनु भएको भत्ता पनि फिर्ता गर्नु पर्ने हुन्छ त्यसैले वहाँले आफ्नो घर भाडाको लागि बढी तिर्नु पर्ने हुन्छ।

**कृपया याद राख्नुहोला यो पूर्ण सुची होइन र यदि तपाईंको परिस्थिति बदलेकोले तपाईंको भत्तामा असर पर्नेको बारे अनिश्चित हुनुहुन्छ भने हामीलाई ०१२५२ ३९८९१४ / ०१२५२ ३९८६४३ मा थप सल्लाहको लागि सम्पर्क राख्नुहोला।**

## Close Relative

## नजिकको नातेदार

यदि तपाईं घरधनीसंग एकै घरमा बस्नु हुन्छ र घरधनी तपाईंको नजिकको नातेदार भए हाउजिङ्ग बेनेफिट पाउनु हुने छैन।

नजिकको नातेदार भन्नाले तलका जस्ता नाताहरुलाइ मानिन्छ

| | |
|---|---|
| • आमा/बाबा<br>• छोरा/बुहारी<br>• छोरि/ज्वाई<br>• नाती/नातिनी<br>• दाजु/भाइ<br>• दिदि/बहिनि | • सौतेनि छोरा/छोरि<br>• सौतेनि आमा/बाबा<br>• सौतेनि सासु/ससुरा<br>• पहिलो श्रीमान/श्रीमती<br>• सासु/ससुरा<br>• बाजे/बजै |

तपाईंले हाउजिङ्ग बेनेफिट क्ल्येम गर्दा तपाईं र घरधनी बिचको नाताको बारेमा पनि प्रश्नहरु सोधिने छ ।

**सो प्रश्नहरुको साँचो जवाफ दिनु अत्यनतै जरुरि छ अन्यथा जालसाजिको केस पनि लाग्न सक्छ ।**

# <u>Council Tax Support</u>
# <u>काउन्सिल ट्याक्स सपोर्ट</u>

**युनिभर्सल क्रेडिट लिनु हुन्छ वा थोरै आम्दानी छ भने र काउन्सिल ट्याक्स तिर्ने जिम्मेवारी तपाईंको हो भने तपाईंले काउन्सिल ट्याक्स सपोर्ट पाउन पनि सक्नु हुन्छ ।**

पेन्सन क्रेडिट पाउने उमेर नपुगेको मान्छेले हाउजिङ्ग बेनेफिट्को साटो युनिभर्सल क्रेडिट लिनु पदर्छ। यदि तपाईं युनिभर्सल क्रेडिट लिंदै हुनुहुन्छ र पुरै/सिंगै फ्ल्याट वा घर भाडामा लिनुहुन्छ भने काउन्सिलमा काउन्सिल ट्याक्स सपोर्टको फर्म पनि भर्नु होला। किन भने युनिभर्सल क्रेडिट जब सेन्टरबाट लिनुपरे पनि काउन्सिल ट्याक्स सपोर्ट भने काउन्सिलबाटै दिईनेछ । तर यदि तपाईंको £६००० भन्दा धेरै बचत छ भने काउन्सिल ट्याक्स सपोर्ट पाउनु हुन्न ।

काउन्सिल ट्याक्स सपोर्टको फर्म भर्नको लागि निम्न कुराहरु ल्याउनु होला:

- पासपोर्ट
- काम गर्नु हुन्छ भने गएको २ महिनाको पेस्लिप/आम्दानीको प्रमाण
- अरु कुनै आम्दानी भए सो को प्रमाण
- वचत खाता र सम्पतिको विवरण
- पेन्सनको विवरण
- गएको २ महिनाको बैंक स्टेटमेन्ट

हामीले हजुरको काउन्सिल ट्याक्स सपोर्ट हिसाब गर्दा तपाईंले ल्याउनु भएको प्रमाण/ जानकारीमा आधारित हुनेछ तर यो पछि तपाईंको युनिभर्सल क्रेडिट कति पाउनु हुन्छ त्यो अनुसार बद्लिन पनि सक्नेछ ।

काउन्सिल ट्याक्स सपोर्टको फर्म भर्न युनिभर्सल क्रेडिटको निर्णय पर्खनु पर्दैन।

## **Temporary Absence**

## **यु के बाहिर जाँदै हुनुहुन्छ?**

यदि तपाईं ४ हफ्ता भन्दा बढी समयको लागि विदेश जाँदै हुनुहुन्छ भने तपाईंको घर-भाडा भत्ता रद्द गरिनेछ र यु के फर्कनु भएपछि नयाँ आवेदन बुझाउनु पर्ने हुन्छ । तपाईं विदेश जानु भन्दा अघि हामीले तपाईंको यात्राको कागजात (हवाई टिकट) हेर्नु पर्ने हुन्छ।
यदि कुनै कारणले हजुर समयमा फर्किन सक्नु भएन भने हामीलाई तुरुन्तै सम्पर्क गर्नु होला। हामीलाई सम्पर्क गर्ने तरिका: -

**इमेल एड्रेस: benefits@rushmoor.gov.uk**
**टेलिफोन नम्बर: ०१२५२ ३९८६४३ /०१२५२ ३९८९१४ (01252 398643 / 01252 398914)**

## Non-Dependents

## नन डिपेण्डेन्ट

नेपालबाट छोरा/छोरि तपाईंको घरमा वा कोठामा बस्न आयो भने हामीलाई खबर गर्नु पर्दछ । यदि तपाईं ६५ वर्ष भन्दा बढी उमेरको हुनु हुन्छ भने ६ महिना सम्म तपाईंको हाउजिङ्ग बेनेफिटबाट केहि काटिने छैन त्यस्पछि उनीहरुको कमाइ अनुसार काट्न थालिने छ ।

- उनीहरुको पासपोर्ट मात्र भए पनि हुन्छ। एन आइ नम्बर आएपछि हामीलाई भन्न आउनु होला अनि काम गर्न थाले पछि पेस्लिप लिएर आउनु पर्छ ताकी उनीहरुको कमाइ अनुसार हामीले सहि दरमा कटौती गर्न मिलोस।
- यदि घरधनीले तपाईंको छोरा/छोरी आयो भनेर घर भाडा बढायो भने हामीलाई भन्नु पर्दछ ।
- उनीहरुले एकै घरमा अर्को कोठा भाडामा लियो भने वा अर्को ठाउँमा सर्यो भने पनि हामीलाई भन्नु पर्दछ ।

तपाईंको छोरा/छोरि आएपछि तपाईंलाई कति ओटा सुत्ने कोठाको आवश्यकता हुन्छ, हाउजिङ्ग बेनेफिटको पौदंर पनि सोहि अनुसार हुनेछ।

**तपाईंको छोरा/छोरि संगै एउटै घरमा बस्न सक्नु हुन्छ तर तपाईंको हाउजिङ्ग बेनेफिटमा उनीहरुको कमाइ अनुसार कटौती गरिनेछ । हाउजिङ्ग बेनेफिट काट्छ भनेर उनीहरु नसर्दा पनि सर्यो भन्ने वा काम गर्दा पनि काम गर्दैन भन्नु भयो भने जालसाजीको केस लाग्न सक्छ। उनीहरुले कहिलेकाही मात्र वा पार्टटाइम मात्र काम गर्छ भने पनि हामीलाई भन्नु पर्दछ।**

**नन डिपेण्डेन्ट भन्नाले कुनै पनि १८ वर्ष पुगेको मान्छेलाइ बुझिन्छ । नन डिपेण्डेन्टले घर भाडामा योगदान गरेको सम्झिन्छ/ठानिन्छ । नन डिपेण्डेन्टको परिस्थितिमा आएको सबै परिबर्तनको बारेमा हामीलाई तुरुन्त खबर गर्नु पर्दछ।**

**परिस्थितिमा बदलाव आएको उदाहरणहरु:**

- यदि तपाईंको छोरा वा छोरी १८ वर्ष पुग्यो भने वा १८ वर्ष पुगेको अरु कुनै मान्छे, आफन्त वा नातेदार तपाईंको घरमा बस्न आयो भने हामीलाइ खबर गर्नु पर्दछ ।
- यदि उसले फुल टाइम पढाई शुरु गर्यो वा पढाई छोड्यो भने।
- यदि उसले काम सुरु गर्यो भने ( पार्ट टाइम वा फुल टाइम)
- यदि उसको आम्दानीमा कुनै घटबढ भयो भने ।
- यदि कुनै नन डिपेण्डेन्ट तपाईंसंग बस्न आयो वा तपाईंको घर छोडेर अर्को ठाउँमा सर्यो भने हामीलाई खबर गर्नु पर्दछ ।
- यदि उसले बिहे गर्यो वा उसको पार्टनर उसंग बस्न तपाईंको घरमा आयो भने।
- यदि उ बिरामी छ र उसले बिरामी भत्ता वा थोरै तलब पाईराखेको छ भने।
- यदि उसले युनिभर्सल क्रेडिट वा अरु कुनै सरकारी भत्ता पाउँछ भने।

**कृपया याद राख्नुहोला यो पूर्ण सुची होइन र यदि कुनै परिस्थिति बदलेकोले तपाईंको भत्तामा असर पर्नेको बारे अनिश्चित हुनुहुन्छ भने हामीलाई ०१२५२ ३९८९१४ / ०१२५२ ३९८६४३ मा थप सल्लाहको लागि सम्पर्क राख्नुहोला।**

**कुनै परिबर्तनको बारेमा खबर नगर्नु अपराध हो। खबर नगरेर ओबरपेमेन्ट भएमा त्यो रकम फिर्ता तिर्नुपर्दछ र जालसाजिको केस पनि लाग्न सक्छ।** आम्दानीमा घट बध भएमा यो इमेलमा पेस्लिप इमेल गर्दिनुहोला। **Email: benefits@rushmoor.gov.uk**

**तपाईंसंग कुनै नन डिपेण्डेन्ट बस्छ भने काउन्सिललाइ जानकारी दिने जिम्मेवारी तपाईंको हो।** सो नगरेमा ओवर पेमेन्ट पनि हुन सक्छ र तपाईंलाई कानुनी कारबाही समेत हुन सक्छ । तपाईंको छोरा छोरीको कमाई अनुसार तपाईंको हाउजिङ्ग बेनेफिटमा कटौती हुन्छ र त्यसै गरि तपाईंको काउन्सिल ट्याक्स सपोर्ट पनि घट्दछ ।

१८ वर्ष माथिको काम गर्ने मान्छेले घर भाडा तिर्नमा, काउन्सिल ट्याक्स तिर्नमा र साथै घर खर्चमा पनि मद्धत गर्नुपर्दछ । उसले घर खर्चमा पुराएको मद्धतको लागि हाउजिङ्ग बेनेफिट पाउदैन। उनिहरुले कुनै मद्धत गरेपनि नगरेपनि काटिनेछ ।

यदि तपाईंको छोरा/छोरी तपाईंसंग नबसेर छुट्टै बसेको भए उनिहरुले त्यही अनुसार आफ्नो घर भाडा र काउन्सिल ट्याक्स तिर्नु पर्ने थियो । त्येसैले तपाईंसंग बस्दा पनि उनिहरुले तपाईंलाई घर भाडा र काउन्सिल ट्याक्समा मद्धत गर्नु पर्दछ ।

यदि उसले घर भाडा र काउन्सिल ट्याक्स तिर्नमा मद्धत गर्दैन भने तपाईंलाई आर्थिक समस्या पर्न सक्छ त्येसैले उनीहरुसंग सल्लाह गर्नु होला ।

उनीहरुको कमाइबाट काटेको ट्याक्स र एन आइ छुट्टै हो त्यसको तपाईंको हाउजिङ्ग बेनेफिट र काउन्सिल ट्याक्समा कुनै सम्बन्ध हुँदैन।

**Housing benefit deductions for non-dependants from April 2019**

**नन डिपेण्डेन्टको परिस्थिति र कमाइ अनुसार हाउजिङ्ग बेनेफिटबाट कति काट्छ भन्ने तालिका २०२०/२१**

**Council tax support deductions for non-dependants from**

| **नन डिपेण्डेन्टको परिस्थिति** | **हाउजिङ्ग बेनेफिटबाट काटिने पैसाको दर** |
|---|---|
| २५ वर्ष मुनिको जसले इन्कम सपोर्ट, इन्कम बेस्ड जब सीकर्स अलावेंस, इन्कम सम्बन्धित इम्प्लोयमेन्ट सपोर्ट अलावेंस जसमा काम र सपोर्ट सम्बन्धित पैसा छैन भने | £0 |
| पेन्सन क्रेडिट पाउँछ भने | £0 |
| २५ बर्ष माथिको जसले इन्कम सपोर्ट वा इन्कम बेस्ड जब सीकर्स अलावेंस पाउँदै छ भने, १८ बर्ष माथिको तर काम गरेको छैन भने | £१५.८५ |
| मेन फेज इम्प्लोयमेन्ट सपोर्ट अलावेंस पाउँदै छ भने | £१५.८५ |
| **१८ वर्ष माथिको अनि ट्याक्स र एन आइ काट्नु अगाडिको कमाइ:** | |
| हफ्ताको कमाइ £१४९ भन्दा थोरै भए | £१५.८५ |
| कमाइ £१४९ देखि £२१६.९९ भित्र भए | £३६.४५ |
| कमाइ £२१७ देखि £२८२.९९ भित्र भए | £५०.०५ |
| कमाइ £२८३ देखि £३७६.९९ भित्र भए | £८१.९० |
| कमाइ £३७७ देखि £४६८.९९ भित्र भए | £९३.२५ |
| कमाइ £४६९ वा त्यो भन्दा धेरै भए | £१०२.३५ |

**April 2019**

**<u>नन डिपेण्डेन्टको परिस्थिति र कमाइ अनुसार काउन्सिल ट्याक्स सपोर्टबाट कति काट्छ भन्ने तालिका २०१९/२०</u>**

| **नन डिपेण्डेन्टको परिस्थिति र कमाइ** | **काउन्सिल ट्याक्स सपोर्टबाट काटिने पैसाको दर** |
| --- | --- |
| इन्कम सपोर्ट, इन्कम सम्बन्धित जब सीकर्स अलावेंस, इम्प्लोयमेन्ट सपोर्ट अलावेंस, पेन्सन क्रेडिट पाउँछ भने | £0 |
| १८ वर्ष माथिको र काम गर्दैन भने | £४.०५ |
| **१८ वर्ष माथिको अनि ट्याक्स र एन आइ काट्नु अगाडिको कमाइ:** | |
| कमाइ £२१७ भन्दा थोरै भए | £४.०५ |
| कमाइ £२१७ देखि £३१६.९९ भित्र भए | £ ८.२५ |
| कमाइ £३१७ देखि £४६९ भित्र भए | £१०.३५ |
| कमाइ £४६९ भन्दा धेरै भए | £१२.४० |

# Overcrowding

## ओवर-क्राउडिंग/भीडभाड

यु के को नियम अनुसार छोरा/छोरिको लागि छुट्टै सुत्ने कोठा हुनु पर्दछ त्यसैले भर्खर आउँदा संगै बसे पनि छिट्टै नै अर्को घर वा कोठा खोज्नु पर्दछ किन भने ओवर-क्राउडिंग/भीडभाड नियम अनुसार न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डहरू/तलको सुविधा पुग्ने घर हुनु पर्दछ:

| **चार जनाको लागि आवश्यक:** | **पांच जनाको लागि आवश्यक:** |
|---|---|
| - १ बाथरुम, १ टोइलेट र १ हात धुने बेसिन<br>- चार ओटा रिङ्ग भएको चुलो (ओबन संग)<br>- १ भाडा धुने बेसिन | - १ बाथरुम, २ टोइलेटहरु, २ हात धुने बेसिन<br>- चार ओटा रिङ्ग भएको चुलो (ओबन संग)<br>- १ भाडा धुने बेसिन |
| • एउटा वयस्क सुत्ने कोठा ६.५१ वर्ग मी  भन्दा सानो हुनु हुँदैन<br>• दुई वयस्कहरु सुत्ने कोठा १०.२२ वर्ग मी  भन्दा सानो हुनु हुँदैन<br>• १० वा सो भन्दा कम उमेरको बच्चाहरु द्वारा सुत्ने कोठा ४.६४ वर्ग मी भन्दा सानो हुनु हुँदैन | |

**यदि माथिको मापदण्डहरू पुग्दैन भने उनीहरु आउनु अगाडी नै अर्को कोठा वा ठुलो घरको बन्दोबस्त मिलाउनु भयो भने राम्रो हुन्छ ।**

## Tenancy Agreement

## टेनेन्सि एग्रीमेंट

टेनेन्सि एग्रीमेंट भनेको एकदमै जरुरि कानुनी कागजात हो, त्येसैले यो बनाउनु अघि एकदमै राम्ररी सबै विवरणहरु सहि छ कि छैन भन्ने पक्का गरेर मात्र सहि गर्नु होला। **टेनेन्सि एग्रीमेंट उपलब्ध गराउने जिम्मेवारी घरधनिको हो।** यस्मा सबै विवरणहरु घर धनिले लेख्नु पर्छ अनि भाडामा बस्ने मान्छेले राम्ररी सबै विवरणहरु सहि छ कि छैन भन्ने पक्का गरेर मात्र सहि गरेको हुनु पर्दछ। यदि विवरणहरु बारम्बार बदलाव गरि बारम्बार नया टेनेन्सि एग्रीमेंट बनाएमा क्न्त्राइभ्द टेनेन्सि पनि मानिन सक्छ र यसो मानिएमा हाउजिङ्ग बेनेफिट नपाउन पनि सक्छ । यदि विवरण सच्चाएको छ भने सच्चाएको ठाउँमा घरधनीले सहि गरेको हुनु पर्दछ ।

- यदि घरधनी एकै घरमा बस्छ भने वा छुट्टा छुट्टै कोठाको छुट्टा छुट्टै टेनेन्सि एग्रीमेंट छ भने टेनेन्सि एग्रीमेंटमा छुट्टा छुट्टै कोठाको छुट्टा छुट्टै रूम नम्बर तोकिएको हुनु पर्दछ ।
- तर जोइन्ट टेनेन्सि हो भने घर भाडामा लिएको मान्छेहरु सबैजनाको नाम एउटै टेनेन्सि एग्रीमेंटमा लेखेको हुनुपर्छ ।

## Council Tax Liability

## काउन्सिल ट्याक्स तिर्ने जिम्मेवारी कसको?

- काउन्सिल ट्याक्स तिर्ने जिम्मेवारी घरधनीको हुन्छ
    - यदि घरधनी एकै घरमा बस्छ भने
    - यदि छुट्टा छुट्टै कोठाको छुट्टा छुट्टै रूम नम्बर तोकिएको टेनेन्सि एग्रीमेंट छ भने
- भाडामा बस्ने मान्छेको (टेनेंटको) जिम्मेवारी हुन्छ

- यदि टेनेन्सि एग्रीमेंट पुरै/सिंगै घरको छ भने
- यदि जोइन्ट टेनेन्सि छ भने (छुट्टा छुट्टै कोठाको छुट्टा छुट्टै रूम नम्बर तोकिएको टेनेन्सि एग्रीमेंटको साटो घर भाडामा लिएको सबै जनाको नाम एउटै टेनेन्सि एग्रीमेंटमा छ भने)

## Discretionary Housing Payment
## डीसक्रेशनरी हाउजिङ्ग पेमेन्ट

- हामीले तपाईंको घर-भाडाको लागि थप मद्धत दिन सक्ने सम्भावना हुन्छ।
- डीसक्रेशनरी हाउजिङ्ग पेमेन्ट छोटो समयको लागि दिइने मद्धत हो जसको लागि सिमित कोष हुन्छ। यो असाधारण आर्थिक कठिनाई सामना गर्दै हुनुहुने व्यक्तिहरुलाई उपलब्ध छ।
- यसको लागि तपाईंले एप्लिकेशन फारम भरि निवेदन दिन पर्ने हुन्छ। गएको २ महिनाको सबै बैंक खाताको स्टेटमेन्ट ल्याउनु होला ।

## अस्वीकरण/ Disclaimer

**यो पुस्तिकामा लेखिएको जानकारीहरु रशमूर् बोरो काउन्सिलको वेबसाइटमा भएको सम्पुर्ण जानकारीको अनुवाद नभई हाम्रो बेनेफिट बिभागमा नेपली समुदाय भित्र आएका पुराना अनि नंया समस्याहरुलाइ मध्य नजर राख्दै सो समस्याहरु समाधान गर्नको लागि मद्धत पुराउनको लागि बनाइएको हो ।**